# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# दुँहु गाउँपालिका
## दार्चुला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३२०

मितिः २०७९।३।१२

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दुँहु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दार्चुला ।

**कैफियत सहितको राय**

हामीले दुँहु गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू. १ करोड ९९ लाख ५० हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।८।२७ मा प्राप्त प्रतिक्रियाबाट रु. ३७ लाख ३५ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु. ४ लाख ३३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५४ लाख ५२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३ लाख ३१ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु. ३ करोड १८ लाख १० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ४ करोड ३८ लाख ४८ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, बैङ्क हिसाब मिलान नगरेको, शशर्त अनुदान मौज्दात बाँकी, राजश्व लेखा अद्यावधिक नभएको, अबण्डा बजेट रहेको, वितरणमुखी कार्यक्रम रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । दुँहु गाउँ कार्यपालिका, दुँहु गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# दुँहु गाउँपालिका, दार्चुला

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३७ | १८ | १९९५० | ० | ५ | ३७३५ | ३७ | १३ | १६२१५ | ४३३ | १०३३१ | ५४५२ | ० | ० | १५७८३ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ३१८१० | ० | ४१७७ | २७६३३ | ० | १६२१५ | ४३८४८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : दुहुँ गाउँपालिका, दार्चुला , दुनहुन गाउँपालिका , दार्चुला

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhupendra Singh Badal | २०७८-४-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Bhanubhakta Bhatta | २०७८-१-२६ | |
| कार्यालय प्रमुख | Mahesh Bahadur Bam | २०७७-४-१ | |
| लेखा प्रमुख | Gopal Singh Bist | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १६,२१५,१०९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४,७६,६२,३१०.६८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६,८२,९७,७१२.५ | चालु खर्च | २३,३३,४१,३७०.५७ |
| प्रदेश सरकारबाट अनुदान | ३,०५,९९,००० | पूँजीगत खर्च | १२,६६,१२,६५८ |
| राजश्व बाँडफाँट | ३,८९,०१,७७९.१३ | वित्तीय/अन्य व्यवस्था | ७,६०,३८,९९६.०७ |
| आन्तरिक आय | ४४,७५,५०८.५८ | | |
| अन्य आय | ७,४८,३०,७४२.०७ | | |
| कुल आय | ४१,७१,०४,७४२.२८ | कुल खर्च | ४३,५९,९३,०२४.६४ |
| बाँकी मौज्दात | | २,८७,७४,०२८.३२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परीचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दुहुँ गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस दुहुँ गाँउपालिका अन्तर्गत 5 वडा, 27 सभा सदस्य, 65.35वर्ग किलोमिटर क्षेत्रफल तथा 13 हजार 233 जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती 2078/06/17  मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**<u>वित्तीय विवरण विश्लेषण</u>**<br>**एकीकृत वित्तिय विवरणः** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व ऐन,२०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम,आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत वित्तिय विवरण तयार गरी सम्बन्धीत प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय पठाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले एकीकृत वित्तिय विवरण तयार गरी पठाएको दखिएन /वित्तिय विवरण तयार गरी समयमा सम्बन्धित निकायमा नपठाउदा सम्पूर्ण आर्थिक कारोवार देखिने यथार्थ विवरण देखिदैन् । तोकिएको समयमा एकीकृत वित्तिय विवरण तयार गरी सम्बन्धित निकायमा समयमा पठाउनु पर्दछ । | |
| २ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको वित्तीय विवरण NEPSAS based ढाँचामा तयार गरेको देखिएन। तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| | | | | |

३

**बैक हिसाब मिलान नगरेको**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | स्थानीय सञ्चित कोष खाता | 17973850.32 | 41798012.94 | 23824162.62 |
| 2. | धरौटी खाता | 10800178.00 | 10896178.00 | 96000.00 |
| | जम्मा | 28774028.32 | 52694190.940 | 23920162.62 |

४

**खर्च खाताको मौज्दाता रकम**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा गाँउपालिका संञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्य सम्म खर्च नभइ चालु खर्च खातामा बाँकी रहेको रु.१४०३६५५६।५१ र पुँजीगत खर्च खातामा बाकीँ रहेको रु.२७७६१४५६/४३ समेत रु. ४१७९८०१२/९४ आर्थिक वर्षको अन्तयमा सञ्चित कोष फिर्ता नगरी अर्को आर्थिक वर्षमा सञ्चित कोष दाखिला भएको देखिन्छ । समयमा खाता बन्द गरी मौज्दात रकम सञ्चित कोष दाखिला नहुदा लेखा अधावधिक नहुने देखिन्छ । तोकिएको समयमा कारोवारका खाता वन्द गरी खर्च नभइ वाँकी रहेको मौज्दाता रकम वर्षान्तमा सञ्चितकोष दाखिला हुनु पर्दछ ।

५

**शशर्त अनुदान मौज्दात वाँकी**

आर्थिक कार्यविधि नियमावली २०६४ वमोजिम शशर्त अनुदातको रकम खर्च नभइ बाँकी रहेको रकम वर्षान्तमा कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गर्नुपर्ने वयस्था छ । शशर्त अनुदान वापत निकासा भएको रकम मध्ये खर्च नभइ बाँकी रहेको रकम रु.१३२८१६७७/- वर्षान्तमा फिर्ता नगरी पछिल्लो आर्थिक वर्ष २०७७।०४। २९ मा फिर्ता गरेकोले समयमा फिर्ता गरेको देखिएन । नियमानुसार वर्षान्तमा मौज्दात बाँकी रकम फिर्ता नहुदा लेखा यथार्थ नहुने देखिन्छ । निकासा प्राप्त रकम मध्ये खर्च नभइ वाँकी रहेको रकम वर्षान्तमा फिर्ता हुनु पर्दछ ।

६

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म 7 ऐन, 5 नियमावली, 12 कार्यविधि 9 निर्देशिका समेत 33 कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रू.1,15,78,409/- खर्च लेखेको पाईयो ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **जिन्सि लगत**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 95 मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त जिन्सि मालसामानको आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था छ । यस पालिकाले वडा कार्यालयहरुलाई पेश्की दिई खरिद गरिएका जिन्सी मालसामानको वडा कार्यालयमा छुट्टै जिन्सी खाता राख्ने गरेको र पालिकाले मुल खातामा आम्दानी बाँध्ने नगरेको कारणले जिन्सी लगत अद्यावधिक भएको देखिएन । पालिकाले आफ्नो र अन्तरगत वडा तथा शाखाहरुमा रहेका जिन्सी मालसामानहरु गाँउपालिकाको मूल अभिलेखमा आम्दानी बाँधी जिन्सि लगत अद्यावधिक हुनु पर्दछ । | |
| ८ | | | **राजस्व लेखा अद्यावधिक नभएको** | |

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ५९ मा राजस्वको आम्दानी गर्दा आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्वान्त अनुसार राजश्व लेखा अद्यावधिक हुनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक राजश्व वापत एकीकृत वित्तिय विवरणमा रु. ४४,७५,५०८/५८ आम्दानी देखाएको रकमको गोश्वारा भौचर लगायत म.ले.प. फारामहरु दैनिक आम्दानी टिपोट,दैनिक दाखिला,मास्केवारी एवं स्रोतगत राजस्व आम्दानी देखिने गरी अभिलेख राखेको देखिएन । राजश्व आम्दानीमा प्रयोग हुने फारमहरु प्रयोग नगरी एकमुष्ट राजश्व आम्दानी देखाउदा आर्थिक विवरणमा देखाएको आम्दानीको यथार्थता एकीन गर्न सकिदैन । राजश्व आम्दानीमा प्रयोग हुने सम्पूर्ण म.ले.प. फारमहरु प्रयोग गरी राजश्व आम्दानीको अभिलेख अद्यावधिक हुनुपर्दछ । | |
| ९ | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष निम्न कार्यक्रममा रु. 3 करोड 16 लाख ५ हजार अबण्डा राखेको छ । | |

| सि.नं. | कार्यक्रम | रकम |
|---|---|---|
| 1. | समपुरक अनुदान म्याचिङ | 10000000.00 |
| 2. | आर.भि.डब्लु.आर.एम.पी म्यचिङ | 3870000.00 |
| 3. | कृषि कार्यक्रम | 3700000.00 |
| 4. | टोल सुधार कार्यक्रम | 1500000.00 |
| 5. | पशु | 1467000.00 |
| 6. | शिक्षा | 5000000.00 |
| 7. | स्वास्थ्य | 4000000.00 |
| 8. | लक्षित वर्ग | 668000.00 |
| 9. | महिला लक्षित कार्यक्रम | 1400000.00 |
| जम्मा | | 31605000.00 |

बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम लेखापरीक्षण प्रतिवेदन उपर छलफल**

लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।

११ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 3 र यो बर्ष थप भएको 10 गरी कूल 13 विवाद दर्ता भएकोमा 3 वटा मात्र फछ्र्यौट भई 10 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

**योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | 61 | 42 लाख 54 हजार 800 |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | 82 | 2 करोड 7 लाख ५ हजार |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | 16 | 1 करोड 13 लाख 9 हजार |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | 12 | 2 करोड 83 लाख 30 हजार |
| ५ | ५० लाख भन्दा माथीका | | नभएको । |
| | **जम्मा** | **76** | **6 करोड 45 लाख 98 हजार** |

१३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत

भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री इश्वरी जोशीले २०७7।3।10 गते रु.32 करोड 30 लाख 91 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७7।3।18 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७7।3।25 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१४

**खर्च व्यवस्थापन**

**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| 1. | पूँजिगत खर्च | 126613 | 8813 | 47799 | 70000 | 50401 |
| | कूल खर्च: | 126613 | 8813 | 47799 | 70000 | 50401 |
| | खर्च प्रतिशत | 100 | 6.96 | 37.75 | 55.29 | 39.08 |

१५

**क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 37709810.00 | 35044234.00 | 9.74 |
| सामाजिक विकास | 163904500.00 | 154425773.00 | 43.21 |
| पूर्वाधार विकास | 132001636.43 | 97772672.00 | 27.16 |
| वातावरण तथा विकास | 4100000.00 | 2115430.00 | 0.59 |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 16948000.00 | 15847660.00 | 4.40 |
| कार्यालय संचालन तथा प्रशासनिक | 68099430.00 | 53648259.57 | 14.90 |
| जम्मा | 422763376.43 | 358854028.57 | |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७7।७8 को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक विकासमा 43.21 प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विकासमा 0.59 प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१६ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 4 प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७7/७8 मा कन्टीन्जेन्सी बापत रु 48,69,717/62 कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

१७ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि नियमावली,२०६४को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले यस आर्थिक वर्षमा ३५७ कार्यक्रम संचालनगरी रु. १२६६१२६५८।( खर्च गरेकोमो उपर्युक्त नियम बमोजिम अनुसूची–२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । नियमावलीको व्यवस्था बमोजिम प्रगती

| | | | | |
|---|---|---|---|---|
| | | | विवरण तयार गर्नु पर्दछ । | |
| १८ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 29 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म 27 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित 12 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १९ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २० | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 7 वटा ऐन, 2 वटा नियमावली र 17 बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :् | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | - |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 597 |
| मृत्युदर्ता | 102 |
| बसाईसराई दर्ता | - |
| विवाह दर्ता | 99 |
| सम्बन्धविच्छेद दर्ता | - |
| **पूर्वाधार विकास सडक निर्माण** | 4 |
| कालोपत्रे सडक निर्माण | |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | |
| ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२१

**योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७6÷७7 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश

योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| 6 | 29 | 39 | 5 | 10 | 92 |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.50,000/- देखि 10,00,000/- सम्मका जम्मा 92 वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र 6 वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

२२

**कानून निर्माण एवं कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 7 वटा ऐन, 5 वटा नियमावली, 12 कार्यविधि ९ निर्देशिका लगायत 33 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।

२३

**पदाधिकारी सुविधा**

**पदाधिकारी सुविधा** – सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति वाटमासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार सुदुरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक सुविधामा रु.62,64,150/- खर्च लेखेको देखिन्छ ।

२४

**विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.68,91,543.00/- खर्च गरेको आर्थिक विवरणबाट देखिएकोले विविध खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

२५

**आर्थिक सहायता**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.8,01,600/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २६ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले शैक्षिक सेवा अन्तर्गत सामाजिक लेखापरीक्षण, विद्यालय सुधार योजना निर्माण, विद्यालय व्यवस्थापन संचालन अनुदान वापत 19 विद्यालयलाई रु.8,80,000/- , पुस्तकालय व्यवस्थापन, विज्ञान प्रयोगशाला, आई.सि.टि. ल्याब स्थापना वापत 3 विद्यालयलाई रु.195000/- र शैक्षिक सामाग्रि वापत 8 विद्यालयलाई रु.6,50,000/- , राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम शिक्षामा नविन प्रविधि अन्तरग 8 विद्यालयहरुलाई रु.52,00,000/- तथा कृषि सेवा अन्तरगत पालिका भित्रका विभिन्न वडाका 20 जना कृषकहरुलाई व्यवसायीक गाई तथा भैसी पकेट कार्यक्रमको रु.500,000/- समेत रु.39,80,000/- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २७ | | | **अवकाश शिक्षकको तलब**<br>श्री गौरिलमाडौं मा.वि. हिकिलाका माध्यकमिक शिक्षक केशव दत्त भट्ट 2078/2/18 देखि अनिवार्य अवकाश भएकोमा निजको चौथो त्रैमासिक निकासा वापत रु.83,897/- निकासा दिनुपर्नेमा रु.1,66,471/- विद्यालयको खातामा निकासा दिएकोले रु.82573.57 बढी निकासा भएको देखियो । बढी निकासा भएको रकम असुल हुनुपर्दछ रु.<br>**कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम रु 82573.57 मिति २०७८।९।१ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो** | |
| २८ | | | **कार्यसम्पन्न प्रतिवेद**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 123 मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँचगरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न विद्यालयहरुलाई २ कोठे भवन निर्माणकोलागि रकम निकासा गरेकोमा नापी किताब तथा विलभरपाई संलग्न राखेको देखिएन । भवन निर्माणको नापी किताब, विलभरपाई तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३,७८६,००० |

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| 1. | श्री जनविकास मा.वि., बाह्रबाजा | 1800000.00 |
| 2. | श्री गौरिलमाण्डौ मा.वि., हिकिला | 1800000.00 |
| 3. | श्री दुर्गा स्थान आ.वि., खेती | 1800000.00 |
| 4. | श्री महादेव आ.वि., फारा | 1800000.00 |
| जम्मा | | 7200000.00 |

**कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको श्री गौरिलमाण्डौ मा.वि., हिकिलाको रु१७२८०००। र श्री महादेव आ.वि., फारा रु१६८६०००। गरी बेरुजु रकम रु ३४१४०००। मिति २०७८।९।१ मा फछ्र्योट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो**

२९

**उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. 10,62,48,000/- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३०

**बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.12,66,12,658/- पूँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३१

**डीपीआर खर्च**

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सेली देखी बमुनी खानेपानी आयोजनाको आयोजना प्रतिवेदन तयारी कार्य | वीरवेताल ईन्जिनियरिङ, धनगढी | 899900.0 | 899900.0 | - |
| गौरील्माडौं मा.वि.को परीक्षाभवन निर्माणको आयोजना प्रतिवेदन तयारी कार्य | आरबी इन्जिनियरिङ कन्सल्टेन्ट, कन्चनपुर | 497200.0 | 497200.0 | 35130937.0 |
| जम्मा: | | **1397100**.00 | **1397100**.00 | |

३२

**निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाईइ अनिवार्य गर्नु पर्दछ ।

३३

**औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.38,58,233/- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

| | | | | |
|---|---|---|---|---|
| ३३.१ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | |
| ३३.२ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |
| ३३.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ३३.४ | | | औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ३३.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा विभिन्न निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 514 जनालाई रोजगारी उपलव्ध गराई रु.2,65,73,800/- खर्च गरेको छ । लक्षित वर्गलाई 8 दिनदेखि 25 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३५ | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा** | |

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक गरेको देखिएन । पालिकाले लाभग्राही लगत केन्द्रकृत सुचन प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्नुपर्दछ ।

३६

**कोभिड–१९ तर्फ**

आ व २०७६।७7 को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः

| **आम्दानी स्रोत** | **रकम रु** | **खर्च शिर्षक** | **रकम रु** |
|---|---|---|---|
| गत बर्षको बाँकी | 3592754.00 | राहत वितरण | 1868556.00 |
| स्थानीय तहको आफ्नै वजेटवाट | | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 500000.00 |
| संघीय कोभिड कोषवाट | | औषधी एवं स्वास्थ्य उपकरण खरिद | 48015.00 |
| प्रदेश कोभिड कोषवाट | | आइसोलेसन केन्द्र निर्माण | - |
| अन्य स्रोतबाट (घुम्ती पसल आम्दानी) | | खोप कार्यक्रम खर्च | - |
| | | स्वास्थयकर्मी परिचालन र जोखिम भत्ता | 363976.00 |
| | | प्रशासनिक खर्च | 35200.00 |
| | | सिमानाका तथा जिल्ला बाहिरबाट नागरिक ओसार पसार | 701000.00 |
| | | विविध | 2129713.00 |
| | | वाँकी | 2903540.00 |
| **जम्मा** | **8550000.00** | | **8550000.00** |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **वितरण मुखी कार्यक्रम**<br>दुहु गाउँपालिका वडा नं. १ को लागि ग्यास सिलिन्डर खरीद ४९६ गोटा को रु १९२९४९१।– र वडा नं. ३ को लागि ग्याँस सिलिन्डर खरीद ४९६ गोटा को रु २०१२३९१।१२ समेत रु ३९४१८२०।– प्रतिक ट्रेडर्स एण्ड सप्लायर्स को विल वमोजिम खर्च लेखेको देखियो । विल कम मध्य रु २११६२६३।३६ धरौटीमा रहेको देखिन्छ र घरायसी प्रयोगमा आउने सामान खरीद गरी वितरण गर्न मिल्ने ऐन नियममा नदेखिएको र धरौटीमा रहेको रकमबारे लगत राखेको देखिएन । घरायसी प्रयोगका सामान खरीद गरी वितरण गर्दा विकास निर्माणका कार्यहरु कार्यान्विनय गर्न बजेटको कमी हुने देखिन्छ । घरायसी प्रयोगमा आउने सामान खरीद गरी वितरण गरेको खर्च नियमति नदेखिएको रु . | ३,९४१,८२० |
| ३८ | | | **कम्बल खरिद**<br>भौ.नं. 3-077/8/5 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,2077 को नियम ४1(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ र हानि नोक्सानी नहुनेगरि संभार तथा संरक्षणको उचित व्यवस्था गरेको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले ना.सु. राजेन्द्र बहादुर सिंहलाई विभिन्न कार्यक्रमको लागि आवश्यक 24 थान कम्बल खरिद वापत रु.38,400/- भुक्तानी दिएकोमा कुन कार्यक्रमको लागि खरिद गरेको तथा वितरण गरेको देखिएन । खर्च पुष्टि हुने आधार प्रमाण वेगर भुक्तानी दिएकोले आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.<br>**कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम रु ३८४००। मिति २०७८।९।१ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो** | |
| ३९ | | | **विलभरपाई** | |
| ३९.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली,2077 को नियम 39(5) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ ।<br>कार्यालयले पालिका भित्रका 19 विद्यालयहरुलाई टुहुरो बालबालिकालाई छात्रवृत्ति वापत रु.1,59,250/- निकासा भुक्तानी दिएकोमा सम्बन्धितलाई छात्रवृत्ति वितरण गरेको भरपाई संलग्न राखेको देखिएन । सम्बन्धितलाई वितरण गरेको भरपाई पेश गर्नुपर्दछ रु. | १५९,२५० |
| ३९.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली,2077 को नियम 39(5) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ ।<br>निम्न गोश्वारा भौचरबाट देहायअनुसार भुक्तानी खर्च लेखेकोमा खर्च पुष्टि हुने प्रमाण संलग्न रहेको देखिएन । खर्च पुष्टिहुने आधार प्रमाण पेश गर्नुपर्ने रु. | २६८,५०० |

| ब.उ.शि.नं. | भौ.नं./ मिति | विवरण | रकम |
|---|---|---|---|
| कोभिड | 14-077/10/6 | विभिन्न मितिको गाडी भाडा उल्लेख भएकोमा कुन मिति र स्थान खुल्दैन र सम्झौता छेन । | 97000.00 |
| राजश्व बाँडफाँड | 98-077/10/7 | दिपेन्द्र बहादुर बमलाई विभिन्न मितिको गाडी भाडा उल्लेख भएकोमा कुन मिति र स्थान खुल्दैन र सम्झौता छेन । | 51000.00 |
| | 167-077/12/17 | दिपेन्द्र बहादुर बमलाई विभिन्न मितिको गाडी भाडा उल्लेख भएकोमा कुन मिति र स्थान खुल्दैन र सम्झौता छेन । | 120500.00 |
| | | | 268500**.00** |

| | | | | |
|---|---|---|---|---|
| ४० | | | **लक्षित कार्यक्रम**<br>गाँउपालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दीगो पूँजि निर्माण तथा उत्थानमा खर्च गर्नु पर्नेमा निम्नानुसार घरायसी प्रयोजनमा प्रयोग हुने सामाग्री खरिद गरी वितरण गरेको देखियो । लक्षितवर्ग कार्यक्रम अन्तरगत घरायसी प्रयोजनमा प्रयोगहुने सामाग्री खरिद गरी वितरण गर्न मिल्ने ऐन नियममा नदेखिएकोले घरायसी प्रयोगमा आउने सामान खरीद गरी वितरण गरेको खर्च नियमति नदेखिएको रु. | १,८८५,०७८ |

| भौ.नं./मिति | लक्षित वर्ग | खरिद विवरण | रकम |
|---|---|---|---|
| 3-078/3/30 | दलित | प्रेसरकुकर, थाल लगायत | 713880.00 |
| 73-077/8/30 | जेष्ठ, अपाङ्ग र दलित | कम्बल, थर्मश | 654818.00 |
| 192-077/12/24 | जेष्ठ, अपाङ्ग | कम्बल | 145770.00 |
| 203-078/3/2 | जेष्ठ, अपाङ्ग | थर्मश | 320610.00 |
| 212-078/3/10 | अपाङ्ग | थर्मश | 50000.00 |
| जम्मा | | | **1885078**.00 |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **वडा अध्यक्ष टोल सुधार कार्यक्रम**<br>दुँहु गाउँउपालिका वडा अध्यक्ष टोल सूधार कार्यक्रम कार्यान्वयन निर्देशिका 2075 को बुँदा नं.6 मा टोल सुधारका प्रमुख अभियानहरु उल्लेख छ । अभियानको प्रभावकारी कार्यान्वयन गर्न टोल निरिक्षकको व्यवस्था गरेको भए पनि उक्त अभियान गैह्र सरकारी संस्था मार्फत संचालन गर्ने व्यवस्था गरेको देखिएन । गाँउपालिकाले यस कार्यक्रमको लागि रु.15 लाख बजेट विनियोजन गरेकोमा कार्यक्रम अन्तरगतका अभियान संचालन गर्न सामुदायिक ग्रामिण विकास समाज नेपाल नामक गैह्र सरकारी संस्थासँग रु.14,99,872/50 को सोझै सम्झौता गरी रु.12,99,380/- भुक्तानी दिएको देखियो । कार्यक्रम संचालनको लागत अनुमान तयार समेत नगरी सार्वजनिक खरिद ऐन नियमको व्यवस्थाको पालना नगरी गैह्र सरकारी संस्थासँग सोझै सम्झौतागरी भुक्तानी दिएको रकम नियमित नदेखिएको रु. | १,२९९,३८० |
| ४२ | | | **मुल्य अभिवद्धीकर कट्टा नगरेको** | |
| ४२.१ | | | आयकर ऐन २०५८ वमोजिम मुल्य अभिवृद्धी कर रकमको ५० प्रतिशत रकम भुक्तानी हुदा कट्टा गरी सम्बन्धित राजस्व खाता दाखिला गर्नुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यससायीलाई मुल्य अभिवृद्धीकर भुक्तानी गर्दा ५० प्रतिशत रकम कट्टा नगरी भुक्तानी गरेको देखियो । | ३०९,०४०.६४ |

| शीर्षक | गो.भा.नं. र मिति | निर्माण व्यसायीको नाम | मुल्य अभिद्धीकर | ५० प्रतिशत मु.अ.कर |
|---|---|---|---|---|
| गा.पा.चालु | 132-077/11/9 | वीरवेताल इन्जिनियरिङ कन्सल्टेन्सी | 116999/98 | 58499.99 |
| | 172-077/12/18 | आरबी इन्जिनियरिङ कन्सल्टेन्सी | 56200.00 | 28100.00 |
| राजस्व बाँडफाँड | 182-077/12/21 | स्मार्ट पालिका प्रा.लि. | 34409.73 | 17204.80 |
| | 251-078/3/25 | | 114699.12 | 34409.94 |
| | | | 205308.85 | 138214.73 |

नियमानुसार भुक्तानीको समयमा कट्टा गर्नुपर्ने मुल्य अभिवृद्धीकर कट्टा नहुदा राजस्वमा जम्मा गर्नु पर्ने मुल्य अधिवृद्धी कर कट्टा नगरेको रकम कट्टा गरी दाखिला हुनुपर्ने रु.

४२.२

देहायको निर्माण व्यवसायीहरुको मूल्य अभिवृद्धिकर निम्नानुसार घटी मूल्य अभिवृद्धिकर कट्टा गरेको देखिएकोले नपुग रकम कट्टा गरी दाखिला गर्नु पर्दछ रु.

३२,६११.१८

| निर्माण व्यवसायीको नाम | मूल्य अभिवृद्धि कर रकम | 50 प्रतिशतले कट्टा गर्नुपर्ने रकम | कट्टा गरेको रकम | घटी रकम |
|---|---|---|---|---|
| जय व्यास निर्माण सेवा | 210032.75 | 105016.38 | 86706.00 | 18310.38 |
| एल वि.एण्ड एवी विल्डर्स | 286026.00 | 85807.80 | 71507.00 | 14300.80 |
| जम्मा | 496058.75 | 190824.18 | 158213.00 | 32611.18 |

४३

**वितरण भरपाई**

१६५,७१५

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,2077 को नियम ४1(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ र हानि नोक्सानी नहुनेगरि संभार तथा संरक्षणको उचित व्यवस्था गरेको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसारका सामाग्री खरिदगरी भुक्तानी खर्च लेखेकोमा वितरण भरपाई पेश भएन । खरिद गरिसकेका सामानहरुको वितरण भरपाई पेश गर्नुपर्दछ रु.


https://nams.oag.gov.np

| ब.उ.शि.नं. | गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|---|
| गा.पा.चालु | 225-078/3/20 | एच.डी.पी.पाइप 2554 मी. | 199800.00 |
| विपद कोष | 32-078/3/29 | एच.डी.पी.पाइप 2554 मी. | 165715.00 |
| | | | 365515.00 |

**कार्यालयको प्रतिक्रिया उपर कारबाही हुँदा यस बुँदामा रहेको बेरुजु रकम रु १९९८००। मिति २०७८।९।१ मा फछ्र्यौट भएकोमा NAMS Digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो**

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **लागत अनुमान र नापी**<br>सार्वजिनक खरिद ऐन,2063 को दफा 5 मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागत अनुमान बनाउनु पर्ने तथा सार्वजनिक खरिद नियमावली, 2064 को नियम 123 मा विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँचगरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।कार्यालयले विपद व्यवस्थापन कोषबाट निम्नानुसार काठेपुल, शौचालय लगायतको पुनः निर्माणको रकम विभिन्न व्यक्ति तथा समितिहरुलाई वितरण गरेकोमा लागत अनुमान तथा नापी किताब संलग्न राखेको देखिएन । लागत अनुमान र नापी किताब बेगर भुक्तानी भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको यकिन गर्न सकिएन । ऐन नियमको व्यवस्थाको पालना नगरी भुक्तानि खर्च लेखेको रकम नियमित नदेखिएको रु. | ३,२०४,३०० |

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| 31-078/3/27 | काठेपुल निर्माण | 23100.00 |
| 24-077/10/28 | काठेपुल निर्माण | 252300.00 |
| 21-077/10/27 | काठेपुल निर्माण | 124000.00 |
| 20-077/10/27 | काठेपुल निर्माण | 116000.00 |
| 19-077/10/27 | काठेपुल निर्माण | 576500.00 |
| 18-077/10/26 | शौचालय | 72750.00 |
| 15-077/10/10 | शौचालय | 49650.00 |
| 13-077/10/6 | शौचालय | 79000.00 |
| 11-077/10/5 | काठेपुल निर्माण | 167000.00 |
| 9-077/9/24 | काठेपुल निर्माण | 88000.00 |
| 7-077/9/21 | काठेपुल निर्माण | 12500.00 |
| 5-077/9/21 | काठेपुल निर्माण | 100000.00 |
| 3-077/9/14 | काठेपुल निर्माण | 185000.00 |
| 2-077/9/7 | काठेपुल निर्माण | 1200000.00 |
| 6-077/9/21 | स्कभर निर्मा | 158500.00 |
| | जम्मा | 3204300.00 |

<table>
<tr><td>४५</td><td></td><td></td><td>दोहोरो अनुदान<br>आर्थिक कार्यविधि तथा वित्तीयय उत्तरदायित्व नियमावली,2077 को नियम ४1(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ र हानि नोक्सानी नहुनेगरि संभार तथा संरक्षणको उचित व्यवस्था गरेको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । निम्न कृषक समुहका कृषकहरुले वडा नं.४ कृषि पोलिहाउस कार्यक्रमबाट पोलिहाउस बुझि सकेकोमा पुनः एक वडा एक उत्पादन पकेट कार्यक्रमबाट पोलिहाउस बुझेको भरपाई तथा श्रेस्तासाथ संलग्न फोटोबाट देखिएकोले एक वडा एक उत्पादन पकेट कार्यक्रमबाट दोहोरो पर्नेगरी वितरण गरेको पोलीहाउसको रकम असुल गर्नुपर्दछ रु<br>
<table>
<tr><td>सि.नं.</td><td>कृषक समुह</td><td>रकम</td></tr>
<tr><td>1.</td><td>तल्लीफारा कृषक समुह</td><td>30417.00</td></tr>
<tr><td>2.</td><td>प्रगतीशिल कृषक समुह</td><td>30417.00</td></tr>
<tr><td>3.</td><td>भूमिराज कृषक समुह</td><td>30417.00</td></tr>
<tr><td></td><td>जम्मा</td><td>91251.00</td></tr>
</table></td><td>९१,२५१</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>कक्षा कोठमा शिक्षक विद्यालयमा अभिभावक कार्यक्रम<br>दुँहु गाँउपालिकाको कक्षा कोठमा शिक्षक वद्यालयमा अभिभावक कार्यक्रम कार्यान्वयन निर्देशिका 2074 को सामुदायिक विद्यालयहरुको अंग्रेजी, गणित र विज्ञान विषयको सिकाई उपलब्धि बढाउनकोलागि विद्यालय गुणस्तर सहजकर्ता नियुक्त गर्दा विद्यालय व्यवस्थापन समितिले न्युनतम शैक्षिक योग्यता पुगेका व्यक्तिहरुबाट सिकाई विकास प्रस्ताव माँग गर्नु पर्ने, प्रस्तावको आधारमा वार्षिक कार्यसम्पादन सम्झौता गर्नुपर्ने र सहजकर्ताले मासिक रुपमा प्रस्तावमा उल्लेख भए बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले 11 विद्यालयहरुलाई गुणस्तर सहजकर्ताको प्रोत्साहन वापत रु.32,95,000/- भुक्तानी खर्च लेखेकोमा यो कार्यक्रम लागु भए पश्चात सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा भएको सुधार सम्बन्धि तुलनात्मक प्रतिवेदन बनाई यस कार्यक्रमको उपलब्धि मुल्याङ्कन गरेको देखिएन । विद्यालयको स्वीकृत दरबन्दीमानै शिक्षक कार्यरत रहेको अवस्थामा गुणस्तर सहजकर्ताको भुमिका नियमित अध्यापन भन्दा तोकिएको विषमा विद्यार्थीको सिकाई उपलब्धिमा गुणामत्क सुधार ल्याउनु भएकोले सो पुष्टिहुने मूल्याङ्कन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>मोवाइल खरीद<br>गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीको लागि ४ थान मोबाइल खरीद गरेको रु.७२१६४/- खर्च लेखेकोमा निजी कार्यमा प्रयोग हुन समान खरीद गर्न मिल्ने आधार प्रमाण पेश हुनुपर्ने रु</td><td>७२,१६४</td></tr>
</table>

४८

**संघ सशर्त**

**उन्नत बाख्रा खरिदः** आर्थिक कार्यविधि तथा वित्तीयय उत्तरदायित्व नियमावली,2077 को नियम ४1(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ र हानि नोक्सानी नहुनेगरि संभार तथा संरक्षणको उचित व्यवस्था गरेको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयका ना.प्रा.स. धिरेन्द्र सिंह धामीले प्रधान्मन्त्रि कृषि आधुनिकिकरण परियोजना कार्यक्रम अन्तरगत उन्नत बाख्रा खरिद तथा खोर सुधार कार्यक्रमको लागि लिएको रु.10,00,000/- पेश्की फछ्र्यौटको श्रेस्ता परीक्षण गर्दा पेश्की फछ्र्यौटको गोश्वारा भौचर कार्यालय प्रमुखले प्रमाणित नगरेको, 100 वटा बाख्रा रु.11,66,500/- स्थानिय फर्माबाट रु.11,800/- को दरमा खरिद गरेकोमा सो जातको बाख्राको प्रति गोट मूल्यको लागत अनुमान तयार गरेको छैन, वडा नं. ४ का ६ कृषक समुहका 25 कृषकहरुलाई 4 वटाका दरले बाख्रा वितरण गरेको मा 11 वटा कृषकलेमात्र खोर बनाएको र कुल बिलरकम रु.15,12,000/- को ५० प्रतिशतले हुने रु.7,56,000/- मात्र खर्च गर्नुपर्नेमा रु.10,00,000/- खर्च गरेको श्रेस्ताबाट देखियो ।व्यवसायीक कृषिको रकम तोकिएका शर्त पुरा गरेका कृषकहरुले पाएको र अनुदानको सदुपयोग भएको पुष्टिहुने आधार प्रमाण संलग्न हुनुपर्ने रु.

१,०००,०००

४९

**पेश्की**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम 47 मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रु.8,11,000 /- आर्थिक वर्षको अन्त्य सम्मपनि फछ्र्यौट नभई वांकी रहेको देखियो।पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| ब.उ.शि.नं. | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | प्रयोजन | पेश्की रकम | म्याद नाघेको |
|---|---|---|---|---|---|
| | 2077/12/20 | कालापानी संचार केन्द्र | सेवा परामर्श | 165000.00 | म्याद ननाघेको |
| संघीय पूजीगत | 2077/11/17 | निझाङझोपु निर्माण उ स | झो पु निर्माण | 513000.00 | म्याद ननाघेको |
| संघीय पूजीगत | 2077/11/17 | केदार मन्दिर निर्माण उ स | मन्दिर निर्माण | 133000.00 | म्याद ननाघेको |
| जम्मा | | | | 811000.00 | |

५०

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छः

(रु हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| २७३७० | ४१७७ | २३१९३ |

५१

बेरुजु फछ्र्योटको स्थिति

यस वर्ष फछ्र्योट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्योटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | 2075/76 | 8 | पेश्की जमानत नलिएको | | पेश्की फछ्र्योट र कार्यसम्पन्न | | | 400000/- |
| 2. | 2075/76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 95000/- |
| ३ | 2075/76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 783000/ - |
| ४ | 2075/76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 360000/ - |
| ५ | 2075/ 76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 77000/ - |
| ६ | 2075/ 76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 63000/ - |
| 7 | 2075/ 76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 250000/ - |
| 8 | 2075/ 76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 100000/ - |
| 9 | 2075/ 76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 1700000/ - |
| 10 | 2075/ 76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 285000/ - |
| 11 | 2075/ 76 | 8 | पेश्की बाँकी | | | | पेश्की फछ्र्योट | 63545.00 |
| | | | | | | जम्मा | | 4176545/ - |

५२

अद्यावधिक वेरुजु

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः

(रु हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष कायम बेरुजू(B) | संपरीक्षणबाट कायम बेरुजू(C) | अध्याविधक बाँकी बेरुजू (D) (D=A+B+C) |
|---|---|---|---|
| २३१९३ | १६०४४ | ०० | ३९२३७ |